## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०४/११ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु **अमरेन्द्र कुसीयैत, कृष्णा साह, सोम प्रसाद आचार्य र सन्तोष कुमार यादव** मु.नं (०८०-CR-०१८९) फैसला मिति २०८१/०५/२५ | गैर कानुनी लाभ हानी पुर्याउने बद्रियतले काम गरी भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• प्रतिवादीहरु अमरेन्द्र कुसियैत, सोम प्रसाद आचार्य, कृष्णा साह, संतोष कुमार यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादीहरुलाई बिगो रु.१४,५१,५५१। - (चौध लाख एकाउन्न हजार पाँच सय एकाउन्न रुपैयाँ) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना सजाय हुन मागदाबी लिईएको साथै प्रतिवादीहरु अमरेन्द्र कुसियैत, कृष्णा साह, संतोष कुमार यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिबाना सजायसमेत हुन मागदाबी लिईएको देखिन्छ। त्यसैगरी प्रतिवादीहरू विश्व मोहन प्रसाद यादव, शोभा कुमारी यादव भन्ने शोभा कुमारी, रमेश कुमार निधि, संजय प्रसाद यादव, मदन यादव र मनोज कुमार यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादीहरुलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिबाना सजाय हुन मागदाबी लिईएको देखिन्छ। साथै प्रतिवादीहरु लक्ष्मीनारायण मुखिया, घुरनी देवी खत्वे र रामभरोस मुखिया मलाहले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको देखिएकोले निज प्रतिवादीहरुलाई बिगो रु.१४,५१,५५१। - (चौध लाख एकाउन्न हजार पाँच सय एकाउन्न रुपैयाँ) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन मागदाबी लिइएको अवस्था देखिन्छ ।<br>**अदालतको फैसला**<br>• प्रतिवादीहरु नवराजपुर गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत अमरेन्द्र कुसियैत, लेखापाल सोम प्रसाद आचार्य, इन्जिनियर कृष्णा साह र सवइन्जिनियर सन्तोष कुमार यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम जनही ३ (तीन) महिना कैद र बिगोको आधारमा दामासाहीले हुन आउने जनही रु.२,०७,३६४.४२ (दुई लाख सात हजार तीन सय चौसट्ठी रुपैयाँ बयालीस पैसा) जरिबाना हुने | **फैसलाः**<br>प्रतिवादीलाई आंशिक सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• प्रतिवादीहरुअमरेन्द्र कुसियैत, सोम प्रसाद आचार्य, कृष्णा साह, संतोष कुमार यादव लाई बिगो रु.१४,५१,५५१। - (चौध लाख एकाउन्न हजार पाँच सय एकाउन्न रुपैयाँ) मध्ये दामासाहीले हुन आउने जनही रु.२,०७,३६४.४२ (दुई लाख सात हजार तीन सय चौसट्ठी रुपैयाँ बयालीस पैसा) जरिबाना हुने मात्र भनिएको।<br>• प्रतिवादी अमरेन्द्र कुसियैतको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको दावी नपुग्ने गरी फैसला गर्दा कुनै आधार लिएको देखिदैन। | • प्रस्तुत मुद्दामा फैसला हुँदा शुरु विशेष अदालतले प्रतिवादीहरु अमरेन्द्र कुसीयैत, सोम प्रसाद आचार्य, कृष्णा साह र सन्तोषकुमार यादव ४ जनालाई वदनियतपूर्ण कार्य गरे वापत रु. १४,५१,५५१/- (अक्षरेपी चौद लाख एकाउन्न हजार पाँच सय एकाउन्न रुपैया) भ्रष्टाचार गरेको भनी कसुरदार ठह्याइ विगोको दामासाहीले हुन आउने जनही रु. २,०७,३५४.४२ (अक्षरेपी दुई लाख सात हजार तीन सय चौसट्ठी रुपैया वयालिस पैसा) जरिवाना हुने गरी शुरु विशेष अदालतले कसूर ठहर गरेको देखिन्छ। तर निर्णय खण्डमा भुक्तानी दिएको उक्त रकम नै प्रस्तुत मुद्दाको विगो भनी प्रष्टरुपमा किटानी तवरमा वोलिएको पाइदैन। अदालतको फैसला जो सुकै सामान्य व्यक्तिले सरलताका साथ बुझ्न सक्ने हुनु पर्दछ। मुद्दाका पक्षहरुले एवं फैसला कार्यान्वयन गर्ने निकायले यो मुद्दामा विगो यती हो र विगो वमोजिम जरिवाना यही हो भनी असुल गर्न किटानी तवरमा भन्न सक्नु पर्दछ। तसर्थ फैसला लेख्दा कार्यान्वयन गर्न दुविधा उत्पन्न नहुने गरी वोधगम्य तवरले लेखिनु फैसला लेखनकर्ताको कला कौशलतामा भर पर्दछ। तर प्रस्तुत फैसलामा कही पनि विगो रकम यती हो भनी उल्लेख गरिएको छैन। तर फैसला खण्डको बुँदा नं. ८३ मा विगोको आधारमा दामासाहीले हुन आउने जनही रु. २,०७,३६४.४२ (अक्षरेपी दुई लाख सात हजार तीन सय चौसट्ठी रुपैया वयालिस पैसा) जरिवाना हुने ठहर्छ भन्ने उल्लेख भएको पाइयो। यस अर्थमा प्रस्तुत मुद्दाको विगो कति हो? अदालतको फैसला Speaking order मा खुलाउदै नखुलाई मुद्दाका पक्षहरुले गाउँपालिकाले भुक्तानी दिएको रु. १४,५१,५५१/- (अक्षरेपी चौध लाख एकाउन्न हजार पाँच सय एकाउन्न रुपैया) लाई विगो मान्ने हो वा ४ जना प्रतिवादीहरुलाई जनही भनी तोकिएको रकमलाई ४ ले गुणा गरी हुन आउने प्रतिफल नै अदालतले निक्यौल गरेको विगो रकम भनी बुझ्ने कि गाउँपालिकाले झुठ्ठा विल भर्पाईको आधारमा भुक्तानी दिएको भनी निर्णय खण्डको बुदाँ नं. ८२ मा उल्लेखित रु. १४,५१,५५१/- (अक्षरेपी चौध लाख एकाउन्न हजार पाँच सय एकाउन्न रुपैया) लाई मान्ने ? यसको अलावा निर्णय खण्डमा ४ जना प्रतिवादीहरुलाई जनही जरिवाना भनि किटानी गरिएकोमा तपसिल खण्डमा उल्लेखित प्रतिवादीहरु मध्येका प्रतिवादीद्वय अमरेन्द्र कुसीयैत र सोम प्रसाद आचार्यलाई रु २,०७,३६४.४२ (अक्षरेपी दुई लाख सात हजार तीन सय चौसट्ठी रुपैया वयालि पैसा) र अर्का प्रतिवादीद्वय कृष्णा साह र सन्तोषकुमार यादवलाई रु. २,०७,३६४.४२ (अक्षरेपी दुई लाख सात हजार तीन सय चौसट्ठी रुपैया वयालि पैसा) ठहर खण्डमा उल्लेखित जनही भन्ने अनुपात भन्दा फरक तवरले जरिवाना निर्धारण गरेको समेत तपसिल खण्ड अध्ययन गर्दा पाउन सकिन्छ। यसरी फैसला लेखनबाट उब्जिएको यस्तो दुविधा तत्कालै निराकरण गरिएन भने राज्यको भ्रष्टाचारको अभियान नै अप्रभावकारी हुन जाने हुँदा शुरु फैसलामा किटानी हुन सकेको विगो निर्धारण र जनही भनि उल्लेखित जरिवाना अंकमा भएको विशेष अदालतले गरेको त्रुटिपूर्ण वदर गरीपाउँ।<br>• जरिवाना भनेको राष्ट्रको तर्फबाट दण्ड स्वरूप लिइने रकम हो ।प्रस्तुत मुद्दामा विगो बराबरको जरिवाना नगरी अदालतले दण्डको उद्देश्य अपूर्ण बनाएको छ। साथै यदि अदालतले ऐनमा नपाएको अधिकार प्रयोग गर्छ भने, त्यो निर्णय Ultra Vires (बाहिरको अधिकार) हुन्छ। शुरु अदालतले फैसलामा भ्रष्टाचार निवारण ऐन, २०५९ को स्पष्ट दफा ८ को विपरीत निर्णय लिएको हुँदा यस्तो फैसला ultra vires रहेको देखिएकोले उक्त फैसला त्रुटिपूर्ण भई बदर भागी छ ।साथै अदालतले विगो प्रमाणित गरिसकेपछि जरिवाना त्यही अनुरूपको गर्नुपर्ने हुन्छ। यसरी सजाय र कसुरको गम्भीरता बीच सन्तुलन हुनुपर्नेमा त्यसो नभई Doctrine of Proportionality (अनुपातिकताको सिद्धान्त) विपरित हुने गरी भएको शुरु अदालतको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।बदर गरीपाउँ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ठहर्छ । साथै प्रतिवादीहरु कृष्ण साह र सन्तोष कुमार यादवलाई उपर्युक्त ऐनको दफा १९ (२) बमोजिमको कसुरमा जनही तीन महिना कैद र दश हजार रुपैयाँ जरिबाना हुने ठहर गरी साथै प्रतिवादी अमरेन्द्र कुसियैतलाई दफा १९ (२) को आरोप दाबी पुग्न नसक्ने ठहर गरी फैसला भएको देखिन्छ । त्यस्तै प्रतिवादीहरु नवराजपुर गा.पा. का अध्यक्ष विश्व मोहन प्रसाद यादव, उपाध्यक्ष शोभा कुमारी यादव भन्ने शोभा कुमारी, योजना शाखा प्रमुख रमेश कुमार निधि, जिन्सी प्रमुख संजय प्रसाद यादव, वडा नं. ४ का वडा अध्यक्ष मदन यादव, वडा नं. ५ का वडा अध्यक्ष मनोज कुमार यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) को कसुर गरेको पुष्टि भएको हुँदा निजहरुलाई सोही दफा १९(२) बमोजिम जनही ३ (तीन) महिना कैद र रु.१०,०००/- का दरले जरिबाना हुने ठहर गरी फैसला भएकव देखिन्छ। त्यसैगरी नवराजपुर गा.पा. वडा नं. २ का वडाध्यक्ष प्रतिवादी खुशीलाल साहले हुँदै नभएको कार्यलाई भए गरेको हो भनी गाउँपालिकालाई भुक्तानीको सिफारिस गरेको देखिंदा निजको सो कार्य बदनियतसाथ भएको पुष्टि हुन आएकोले निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) बमोजिमको कसुर गरेको देखिंदा सोही दफा १९(२) बमोजिम ३ (तीन) महिना कैद र रु.१०,०००/- जरिबाना हुने ठहर गरी फैसला भएको देखिन्छ। साथै उपभोक्ता समितिका अध्यक्ष लक्ष्मी नारायण मुखिया, कोषाध्यक्ष घुरनी देवी मण्डल भन्ने घुरनी देवी खत्वे र सचिव राम भरोस मुखिया भन्ने राम भरोस मुखिया मलाहाले सम्झौता बमोजिम कुनै कार्य नै नगरी सो कार्य भए गरेको हो भनी झुट्टा तथा नक्कली बील भरपाई पेश गरी भुक्तानी लिएको देखिंदा निजहरुको सो कार्य बदनियतपूर्वक भएको पुष्टि भएकोले निज प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा सोही दफा ८(४) बमोजिम जनही ३ (तीन) महिना कैद हुने ठहर गरी फैसला भएको देखिन्छ। | | • अदालतको फैसला स्पष्ट, प्रमाणमा आधारित र तर्कयुक्त हुनुपर्छ। यहाँ अदालतले प्रतिवादी अमरेन्द्र कुसियैतको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको दावी नपुग्ने गरी फैसला गरेतापनि त्यसको प्रमाण, तर्क र दस्तावेज मूल्याङ्कन नगरी भएको फैसला Doctrine of Reasoned Decision (युक्तियुक्त फैसलाको सिद्धान्त) विपरीत रहेकोले उक्त फैसला बदरभागी छ । यसका साथै सार्वजनिक पदमा बसेको व्यक्तिको उत्तरदायित्व झन बढी हुन्छ। उसले लापरवाही, बदनियत वा कर्तव्यबाट पन्छिनु गम्भीर आपराधिक लापरवाही (gross negligence) मानिन्छ। प्रमुख प्रशासकीय अधिकृतले झुटा कागजातमा बिना परीक्षण दस्तखत गर्नु भनेको पदीय दायित्वको गम्भीर उल्लंघन हो। कसैले आफैं देख्न/बुझ्न सक्ने अवस्था हुँदाहुँदै जानाजानी आँखा चिम्लेर गलत कार्यमा अनुमोदन गरेमा उ निर्दोष ठहरिन सक्दैन। अमरेन्द्र कुसियैतको पदमा बसेको व्यक्तिले नापी किताव, काम सम्पन्नको प्रमाणपत्र, प्राविधिक सिफारिस आदि नहेरी भुक्तानी गर्न कानुनी अनुमती दिएको देखिदैन । यस अवस्थामा प्रतिवादी अमरेन्द्र कुसियैतको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको दावी नपुग्ने गरी भएको फैसला Doctrine of Willful Blindness (जानाजानी अनविज्ञता)को सिद्धान्त अनुसार त्रुटिपूर्ण रहेकोले उक्त शुरु विशेष अदालतवाट भएको फैसला बदरभागी छ । वदर गरीपाउँ ।<br>• प्रस्तुत मुद्दामा अमरेन्द्र कुसियैतको हकमा हेर्दा, निज सिरहा नवराजपुर गाउँपालिकाको तत्कालिन प्रमुख प्रशासकिय अधिकृतको पदमा कार्यरत रहेको देखिन्छ । उक्त पालिकाको वडा नं. २ मझौरा स्थित रहेको राम जानकी दलित आधारभूत विद्यालयमा अपुरो काम गर्न रु. १५ लाख बजेट विनियोजन भएकोमा सो मध्ये १४,५१,५५१ रुपैया भुक्तानी भएको देखिन आयो। उक्त विद्यालयको अपुरो भनिएको कुनै पनि कार्य नगरी नापी किताव र कार्य सम्पन्न प्रतिवेदन तयार गरी पेश गरेकोमा सो कुराको जानकारी प्रमुख प्रशासकिय अधिकृत अमरेन्द्र कुसियैतलाई थाहा हुँदाहुँदै उक्त वजेट फ्रिज हुन नदिन सवैको सल्लाह सहमतिमा उक्त नापी किताव र कार्य सम्पन्न प्रतिवेदन तयार गरी उपभोक्ता समितिलाई रकम भुक्तानी गरीएको हो भन्ने समेत व्यहोरा उल्लेख गरी यि प्रतिवादी अमरेन्द्र कुसियैत समेतलाई जानकारी रहेको तथ्य उल्लेख गरी वडा अध्ययक्ष तथा अनुगमन समिति सदस्य मनोज कुमार यादव समेतले वयान गरेको देखिंदा, यी प्रतिवादीले नै जानीजानी गलत प्रतिवेदन तयार गरी भुक्तानी दिएको तथ्य पुष्टि भईरहेको अवस्थामा उक्त प्रमाणको मूल्यांकन नगरी प्रतिवादी अमरेन्द्र कुसियैतको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको दावी नपुग्ने गरी भएको फैसला त्रुटीपूर्ण हुँदा वदरभागी रहेकोले वदर गरीपाउँ ।<br>• अत प्रस्तुत मुद्दामा माथी उल्लेखित आधार र कारणबाट शुरु विशेष अदालतले चारजना प्रतिवादी (अमरेन्द्र कुसियैत, सोम प्रसाद आचार्य, कृष्णा साह, सन्तोष कुमार यादव) लाई जनही रु.२,०७,३६४.४२ मात्र जरिवाना तोकेको देखिन्छ, जसको जम्मा total Amount रु.८,२९,४५७.६८ मात्र हुन आउछ, बाँकी रु.६,२२,०९३.३२ तर्फ जरिवाना तय नगरी भएको फैसला साथै प्रतिवादी अमरेन्द्र कुसियैतको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९को दफा १९(२) को मागदावीका सम्बन्धमा दावी नपुग्ने ठहर गरी भएको फैसला त्रुटिपूर्ण रहेकोले उक्त फैसला वदर गरी प्रतिवादीहरु(अमरेन्द्र कुसियैत, सोम प्रसाद आचार्य, कृष्णा साह, सन्तोष कुमार यादव) लाई आरोपदावी वमोजिम नै सजाय गरीपाउँ । |